# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, पुस १ गते २०३६ साल [ अतिरिक्ताङ्क ५०

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम सम्वत् २०३६ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा राष्ट्रका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**प्यारा देशवासीहरू,**

**१. नेपालमा पञ्चायत व्यवस्था लागू भएको लगभग दुई दशक पुग्नेछ । आगामी राष्ट्रिय जनमत संग्रहको सन्दर्भमा पञ्चायत व्यवस्था एक प्रश्नवाचक दोसाँधमा उभिए पनि यतिखेर नेपाली राष्ट्रियताका अमर ज्योति स्वर्गीय श्री ५ बुवाज्यूको सम्झनामा सभक्ति अञ्जलीपूर्ण श्रद्धा अर्पण गर्नु हामी आफ्नो कर्तव्य ठान्दछौं ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको मूलमन्त्र लोकसम्मति भएको र प्रजातन्त्रको आदर्शलाई हामीले कहिल्यै छाड्ने छैनौं भन्ने हाम्रो वचनवद्धतालाई समेत हृदयङ्गम गरी यो वर्षको शुरूमा मुलुकमा देखिएको स्थितिलाई मनन गरी हामीले वास्तविक लोकसम्मति के रहेछ भन्ने कुरा बुझ्नका निम्ति नै जनमत संग्रह गर्न लागेको कुरा सर्वविदितै छ। जेठ १० गतेको घोषणापछि हालसम्म जे जस्तो अवस्था देशमा देखापरेको छ त्यसलाई र आजको अन्तर्राष्ट्रिय परिस्थितिलाई समेत मनन गरेर यो राष्ट्रिय जनमत संग्रहमा प्रत्येक नेपालीले आफ्नो अमूल्य तर प्रष्ट मत प्रदान गरी एक निर्दिष्ट दिशामा हामी सम्पूर्ण नेपालीले अघि बढ्नु छ।

३. हाम्रो विचारमा राष्ट्रिय जनमत संग्रहको सन्दर्भमा प्रत्येक बालिग नेपालीले आफ्नो स्वविवेक प्रयोग गर्नु पर्ने एक अभूतपूर्व चुनौतीको सामना गर्नु परेको छ। प्रत्येक नेपालीले आज सोच्नु परेको छ – कुन व्यवस्था अपनाएमा नेपालीलाई फुटाउनको सट्टा एउटै लक्ष्यमा जुटाउन सकिन्छ ? के गर्नाले नेपाली नेपालीबीचको अनेकतामा एकताको सूत्र गाँस्न सकिन्छ ? के गर्नाले यस देशलाई आजको अन्तर्राष्ट्रिय स्थितिको सन्दर्भमा तनावक्षेत्रको बदला शान्तिक्षेत्र बनाउन सकिन्छ? के गर्नाले हाम्रो देशको अमूल्य प्राकृतिक स्रोत र जनसाधनको परिचालन गरी सम्पूर्ण नेपालीको भाग्यरेखा छिटै कोर्न सकिन्छ? राजनैतिक व्यवस्था अपनाउनाले प्रत्येक नेपालीले आफ्नो शिर ठाडो पारेर आफ्नो नागरिक हकको निर्भीक रूपले उपभोग गर्ने मौका पाउँछन् ? के गर्नाले हामी नेपालीलाई आफ्नो मनमा लागेको कुरा शिष्टतापूर्वक बोल्न, लेख्न र व्यक्त गर्ने मौका पाइन्छ? के गर्नाले जनहितका कामहरूमा देखिएका त्रुटिहरू औंल्याउन पाइन्छ र संभाव्य आलोचनाको डरले आफूमा रहेका त्रुटिलाई सुधार गर्ने अवसर पाइन्छ ? त्यस्तै, के गर्नाले एक नेपालीले अर्को नेपालीलाई आफूले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोजेको हक अरूलाई पनि आफू जस्तै ठानेर उपभोग गर्न दिने व्यवस्था गर्न सकिन्छ ? र फेरि, के गर्नाले नेपालको आफ्नो मौलिक संस्कृति, मान्यता र परम्पराहरूको जगेर्ना गर्न सकिन्छ ? अनि अन्तमा, के गर्नाले हाम्रो राष्ट्रिय अखण्डता युगयुगसम्म दिगो राख्न सकिन्छ ? यी यस्ता प्रश्नहरू हुन्, जसले सम्पूर्ण वालिग मताधिकार प्राप्त गरेका नेपालीहरूलाई भविष्यको लागि पनि जवाफदेही बनाएका छन् ।

४. एकातिर आज हामी सबै जनमत लिने सन्दर्भमा त्यसको परिणामको प्रतीक्षा गर्दछौं भने अर्कोतिर देशका विभिन्न जिल्लाहरूमा खडेरी र अनावृष्टिले गर्दा खाद्यान्नको स्थिति बिग्रँदै जानसक्ने डर भइरहेको कुरा हामी सुन्दैछौं । त्यसमाथि, आजभोलि दैनिक उपभोगका मालसामानहरूको अभावले गर्दा जनजीवन कष्टपूर्ण भइरहेको कुराले सबैलाई चिन्तित बनाएको छ । वर्तमान अन्तर्राष्ट्रिय स्थिति हेर्दा पनि पेट्रोल जस्तो इन्धनको महंगी, मुद्रास्फिति, उर्लंदो जनसंख्याको बढ्दो चाप, बढ्दो बेइलमको अवस्था र यी सब समस्यालाई जटिलतर बनाउँदै जाने बरोबर सुन्नमा आएका हड्ताल आदिले गर्दा नेपाली जनजीवन सुधार्न उपयुक्त कमदहरू चाल्नु पर्ने स्थिति देखापरिसकेको छ । तर कुनै पनि कामकारवाही विनाजनसहयोग, विनाजनसहभागिता कुनै सरकारले मात्र गरेर हुँदैन ।

५. पञ्चायत संविधानले लोकसम्मतिलाई मूल आधार मानिआएको छ र प्रजातन्त्रको यस आदर्शलाई हामीले कहिले नछाड्ने हाम्रो अठोट भएको कुरा हामी फेरि दोहऱ्याउन चाहन्छौं । त्यसैले अब आउने जनमत संग्रहमा दलीय अथवा निर्दलीय जुनसुकै व्यवस्था विजयी भए पनि देशले अपनाउने राजनैतिक व्यवस्थामा दुई तीन कुरा स्पष्ट पार्ने हाम्रो पनि मनसाय रही आएको छ । ती हुन्– अबदेखि राष्ट्रिय व्यवस्थापिकामा जनप्रतिनिधि छानिंदा वालिग मताधिकारको आधारमा मात्र गरिनेछ । त्यस्तै, देशको प्रधानमन्त्री राष्ट्रिय व्यवस्था-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५६

पिकाले सिफारिश गरेकै व्यक्ति छानिने प्रथा अब पालन गर्दै लगिनेछ र हाम्रो मुलुकको मन्त्रिपरिषद्ले आफ्नो कामकारवाहीको निम्ति राष्ट्रिय व्यवस्थापिकाप्रति जवाफदेही वहन गर्नु पर्ने व्यवस्थाको तर्जुमा गरिनेछ। यसको अर्थ हामी आफ्नो जिम्मेदारीबाट पन्छिन खोजेका होइनौं।

६. हामीले सकुन्जेल हाम्रा प्यारा प्रजाको हितको निम्ति सधैं नै प्रजातन्त्रको आदर्शलाई रक्षा गरिनै रहने छौं, देशको सुरक्षा, सुव्यवस्था, शान्ति र न्यायको साथै राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताको संरक्षण गर्नु पर्ने हाम्रो कर्तव्यलाई हामी कदापि बिर्सने छैनौं, तर देशमा आइपर्ने दैनिक प्रशासनको जिम्मा जनप्रतिनिधिले नै बोक्नु वेश हुन्छ भन्ने हाम्रो अभिप्राय हो। जन-आकांक्षाको कदर गर्ने यी नै परिप्रेक्ष्यमा आजको यो दिनले हामी सम्पूर्ण नेपालीमा सद्बुद्धि र विवेक प्रदान गरोस्। यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको रक्षा गरून्।

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

४५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।